# लेकवेशी नगरपालिका १०औं नगरसभा
# पहिलो बैठक २०७८/१०/१० गते

**सभासद्ज्यूहरू,**

अब म **१० औं** हिउँदे नगरसभाको आजको बैठकमा यस सभा समक्ष नगरपालिकामा भए गरेका कार्यहरूको समिक्षा प्रस्तुत गर्दछु ।

**सभासद्ज्यूहरू,**

वर्षौंदेखिको न्यायप्रेमी जनताको आकांक्षा, विशिष्ट योगदानबाट नेपालमा सामन्ती प्रथाको अन्त्य भई जनताको सार्वभौमसत्ता सम्पन्न संघीय गणराज्यको स्थापना पश्चात् मुलुकमा संविधान सभा मार्फत जनताको संविधान जारी भई कार्यान्वयनको क्रममा छ । जसबाट संघीय संरचना अनुसार हाम्रो यो नगरपालिका स्थापना भई जनताबाट हामी निर्वाचित भएको पनि झण्डै साडे चार वर्ष पुरा भएको छ । जनताले हामी प्रति गरेको यो अपार विश्वासको जगमा टेकेर (समृद्ध नेपाल सुखी नेपाली) को राष्ट्रिय अभियानलाई आत्मसाथ गर्दै **"आज नगरे कहिले गर्ने, मैले नगरे कसले गर्ने"** भन्ने आत्मविश्वास, जिम्मेवारीका साथ सम्मानित **१० औं** हिउँदे नगरसभामा हामीहरू आज उपस्थित भएका छौं ।

यस अवसरमा म मुलुकको राजनीतिक परिवर्तनका क्रममा विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन आहुति गर्नुहुने महान वीर वीराङ्गना शहिद प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दै बेपत्ता योद्धा, घाइते, अपाङ्ग र परिवर्तनको नेतृत्व गर्ने सबै प्रति सम्मान व्यक्त गर्दछु ।

**सभासद् ज्यूहरू,**

हामी निर्वाचित भए पश्चात् हामीले ५ वटा बजेट ल्याएकोमा आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम हाल कार्यान्वयनको क्रममा छ । मुलुकको नयाँ परिवर्तित राजनीतिक परिवेशमा राज्यको पुर्नसंरचनामा कामकाज गर्दा अवश्य पनि केही अनुभव तथा अभ्यासका कारण नगरपालिकाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्ने सन्दर्भमा केही कमी कमजोरी भए होलान् ।हामी समय परिस्थितिमा अभ्यस्त हुँदै नगरको कार्यप्रणालीमा सुधार ल्याई सुशासन कायम गरी जनताको जीवनस्तरमा सुधार ल्याउने कुरामा दृढ संकल्पित एवं प्रतिवद्ध छौं । हामी निर्वाचित भए पश्चात हामीले ९ वटा नगरसभा सम्पन्न गरी यो **१० औं** हिउँदे नगरसभामा प्रवेश गरेका छौं । यस अवधीमा जम्मा १२४ वटा नगर कार्यपालिकाको बैठकहरू सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरेका छौं ।

**सभासद् ज्यूहरू,**

हामीले गर्व गर्नुपर्छ, आजसम्मका नगरसभा तथा कार्यपालिकाका बैठकमा कुनै पनि मत विभाजन नगरी सबै निर्णयहरू हामीहरूले व्यापक छलफल तथा विमर्श पश्चात सर्वसम्मत तरिकाले गरेका

छौं । यसबाट पनि देखिन्छ कि लेकवेशीका जनप्रतिनिधीहरू सुशासन कायम गरी जनजीविकामा सुधार ल्याउन जनसरोकारका विषयमा आस्था भन्दा माथि उठेर कामकाज गर्न सक्छन् । भन्ने उदाहरण मुलुकमा संघीयताको कार्यान्वयनमा लेकवेशी नगरपालिकाको स्थापना सँगै हामी निर्वाचित भए लगत्तै हामीले गरेका कामहरूका विषयमा कुनै दुईमत छैन ।

**सभासद् ज्यूहरू,**

हामीले नगरपालिकाको कार्यप्रणालीलाई व्यवस्थित गर्न हामी निर्वाचित भए पश्चात हालसम्म जम्मा २३ वटा ऐन र १४ वटा नियमावली तथा कार्यविधीहरू सहित जम्मा ३७ कानुनहरु पास गरी लेकवेशी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएका छौं । विकासमा योजना तर्जुमा देखि कार्यान्वयन तथा योजना सम्वर्धनमा जनसहभागिता गराई जनतालाई नजिकको सरकारको अनुभूति गराउने प्रयास गरेका छौं भने ५ वटा समितिहरू गठन गरी सकेका छौं । कार्यालयको नयाँ भवन पश्चात् हाम्रा विषयगत शाखाहरूमा दरबन्दी अनुसार प्रयाप्त जनशक्ति र विषयगत शाखाको राम्रो व्यवस्थापन नभए पनि केही मात्रामा कार्यालय व्यवस्थित गरी कार्य सम्पादनमा केही सुधार भएको छ ।

सभासद् ज्यूहरू,

**लेकवेशी नगरपालिकाले आम नागरिककाले यस अवधिमा महत्वपूर्ण कार्य गरेको हामीलाई जग जाहेर नै छ । हामीहरु निर्वाचित भए पश्चात गरेका महत्वपूर्ण कार्यहरु प्रमुख विषय जस्तैः सामाजिक, आर्थिक, भौतिक र सांस्कृतिक लगायत अन्य विविध पक्षहरुमा भएका गतिविधिहरुलाई यस सम्मानित १०औं नगर सभा मार्फत सबै माझ प्रस्तुत गर्न चाहन्छु ।**

**१. आर्थिक विकास तर्फः**

- **लेकवेशी नगर क्षेत्र भित्र कार्यक्षेत्र रहेका ३० वटा सहकारी संघसंस्थाहरु मध्ये २२ वटा सूचिकृत भएको, २ वटा नयाँ सहकारी दर्ता गरी नियामक निकायको रुपमा भुमिका निर्वाह गरेका छौ ।**
- **नगरपालिकाको नीति तथा कार्यक्रमबाट सहकारी प्रवर्द्धनका लागि क्षमता विकास एवं पूर्वाधार निर्माण कार्य गरेका छौ ।**
- **नगरपालिकाको कृषि विकास शाखाबाट कृषकको आवश्यकतालाई मध्यनजर गरी ५० प्रतिशत अनुदानमा कृषि औजार तथा १०० प्रतिशत अनुदान सहयोगमा उन्नत बिउविजन, फलफूल तथा तरकारी विउबेर्ना वितरण गरेका छौ ।**
- **नगरपालिकाको पशु विकास शाखाबाट कृषकको आवश्यकतालाई मध्यनजर गरी पशुपन्छी खोप तथा उपचार, नश्ल सुधार, व्यावसायिक पशुपन्छी फार्मको सुदृढिकरण, कृषक समुह गठन, पशु आहार व्यवस्थापन, वोयर बाख्रा स्रोत केन्द्र स्थापना तथा व्यवस्थापन र भैसी, बंगुर र कुखुरा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेका छौ ।**
- **पर्यटन क्षेत्रको विकासका लागि प्रर्याप्त बजेटको अभाव भएकोले तालुक निकायहरुसँग पहल गरेका छौ ।**

- कला, संस्कृति, मठ मन्दिरको संरक्षण एवं निर्माण गरी पर्यटकीय क्षेत्र बनाउने प्रयास गरेका छौ ।
- संघ तथा प्रदेशका प्रधानमन्त्री रोजगार एवं मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत सबै वडाहरुको बेरोजगार सूचीमा आबद्ध बेरोजगार व्यक्तिहरुलाई रोजगार कार्यक्रम मार्फत आर्थिक विकासमा टेवा पूऱ्याएका छौ ।
- यस नगरपालिकाको वडा नं. ९ साटाखानीमा संघीय तथा प्रदेश सरकारको सहयोगमा कर्णाली प्रदेश स्तरीय औद्योगिक क्षेत्रको स्थापना लागि पहल गरेका छौ ।

२. सामाजिक विकास तर्फः

- पूर्वाधार विकास निर्देशनालयबाट प्राप्त रकमको अधिकतम सदुपयोग गरी विद्यालय पूर्वाधार निर्माणको कार्य सम्पन्न गरेका छौ ।
- किशोरीहरुले महिनावारी हुँदा विद्यालय छोड्ने परिपाटीलाई अन्त्य गर्न विद्यालयहरुमा स्यानिटरी प्याड राख्ने व्यवस्था मिलाएका छौ ।
- शिक्षा क्षेत्रको विकासका लागि संघ, प्रदेशको शसर्त एवं विशेष अनुदानको कार्यक्रमबाट भौतिक पूर्वाधार विकासमा जोड दिने गरेका छौ ।
- विशेष अनुदानको रु. १ करोड २ लाख रकमबाट चन्द्रपुर मा.वि.को विद्यालय भवन निर्माणका लागि ठेक्का सम्झौता भई पहिलो तला सम्मको ढलान सम्पन्न गरेका छौ ।
- संघको समपुरक अनुदानबाट वडा नं ८ को श्री ने.रा.मा.वि. कुईनेपानी विद्यालयको भवन रु. १ करोड ७५ लाखमा ठेक्का सम्झौता भई कार्यसम्पन्न गरेका छौ ।
- संघ सरकारको विशेष अनुदानमा लेकवेशी नगरपालिका वडा नं.१ को श्री आदर्श मा.वि र वडा नं. १० को मा.वि चुनियापानी विद्यालयको भवन निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण कार्य अगाडी बढाएका छौ ।
- विद्यार्थी चापका आधारमा शिक्षक दरबन्दी कम भएका विद्यालयलाई नगरपालिकाबाट बजेटको व्यवस्था गरी मा.वि, नि.मा.वि र प्रा.वि गरी ४५ जना स्वयंसेवक करार शिक्षकको व्यवस्था गरिएको जसले विद्यालयमा शिक्षण सिकाई क्रियाकलापलाई सहज तुल्याएका छौ ।
- विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ को जोखिमलाई व्यवस्थापन गरी कोभिड-१९ को उपचार, नियन्त्रण गर्ने प्रयास गरेका छौ ।
- लेकवेशी नगरपालिका वडा नं. ४ दशरथपुरमा आईसोलेशन केन्द्र निर्माण गरी कोभिड-१९ संक्रमितको उपचार कार्य निरन्तर रुपमा गर्दै आइराखेका छौ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौंबाट टाईप-२ स्वास्थ्य भवन निर्माणमा विनियोजन भएको रकमबाट स्वास्थ्य संस्था नभएका नगरपालिका अर्न्तगतका वडा नं.२, ३, ७, ८, १० वडाहरुमा भवन निर्माण कार्य सम्पन्न गरेका छौं ।
- स्वास्थ्य चौकी कल्याणको नयाँ भवन निर्माणका लागि रु.७१ लाखमा ठेक्का सम्झौता भई पहिलो तला ढलान हुने प्रकृयामा रहेको समेत जानकारी सबै सभासद्लाई अवगत नै छ ।
- नगरपालिकाले आफ्नो स्रोतको अवस्थालाई मध्यनजर गरी विभिन्न विकास साझेदार संघ संस्थाहरुसंग सम्झौता गरी म्याचिङ्ग फन्डमा योजना तथा कार्यक्रमहरु सम्पन्न गर्दै आएका छौ ।
- नगर अस्पताल निर्माणका लागि रु.१२ करोड ४२ लाखमा ठेक्का सम्झौता गरी २४ महिना भित्र कार्य सम्पन्न गर्ने गरी प्रक्रिया अगाडी बढाएका छौ ।

- नगरपालिकाले विभिन्न बस्तीहरुमा स्वच्छ खानेपानीका लागि विभिन्न विकास साझेदार संघ संस्थाहरुसँगको साझेदारी तथा नगरपालिकाको आफ्नै स्रोतमा खानेपानी योजना सञ्चालन गरी १८,३९२ जनालाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराएका छौ ।
- नगरपालिकाको महिला तथा बालबालिका शाखाबाट नगरपालिकाको क्षेत्रमा महिला तथा बालबालिका समिति गठन तथा पुर्नगठन, महिला सचेतीकरणका लागि लैङ्गिक हिंसा विरुद्धको अभियान, विभिन्न दिवसीय कार्यक्रम, बालविवाह न्यूनिकरण कार्यक्रम र अपाङ्गता भएका व्यक्तिलाई सीपमूलक तालिम दिई अपाङ्गता समन्वय समितिको गठन तथा बेला बेलामा बैठक बस्ने गरिएको छ । महिला विकास शाखाबाट हालसम्म ३९५ वटा अपाङ्गता परिचय पत्र वितरण गरिएको र कर्णाली प्रदेश सरकारको कार्यक्रम अनुसार ४५० जना छोरीहरुको छोरी बचत कार्यक्रम अर्न्तगत बैंकमा बचत खाता खोलिएको जानकारी सबै सभासदलाई जानकारी गराउदँछु ।
- यस नगरपालिकाका नागरिकहरुको खरको छाना विस्थापित गर्ने कार्यक्रम अन्तर्गत संघीय सरकारको समन्वयमा १३४१ जना लाभग्राहीले फाराम भरेकोमा आ.व. ०७७/०७८ मा १९ घरपरिवारलाई पहिलो किस्ता वापत रु.५ लाख ७० हजार रुपैयाँ भुक्तानी दिइएको छ भने आ.व. ०७८/०७९ मा २५० घरपरिवारलाई पहिलो किस्ता वापत रु.४७ लाख ४६ हजार रुपैयाँ उपलब्ध गराउने प्रक्रिया अन्तिम चरणमा रहेको छ र तत्कालै सम्बन्धित परिवारलाई उपलब्ध गराईने छ, साथै पहिलो किस्ताको अपुग रकम रु.३३ लाख ८४ हजार रुपैयाँ संघीय सरकारसँग माग गरि प्रक्रिया अगाडी बढाईएको छ । पहिलो किस्ता प्राप्त गरेका घरपरिवारको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि अन्तिम किस्ता उपलब्ध गराईनेछ । साथै ४० अंक प्राप्त गर्न नसकेका १०५१ घरपरिवारहरुलाई उक्त रकम समेत प्रक्रिया अगाडी बढाउन संघीय सरकारसँग अनुरोध गरिएको छ ।

३. पूर्वाधार विकास तर्फः

- सडक यातायातलाई दिगो विकासको अवधारणा अनुसार कार्यान्वयन गर्नको लागि नगर सडक गुरुयोजना बमोजिम निर्माण कार्य अगाडी बढाएका छौ ।
- संघीय सरकारको राष्ट्रिय गौरवको रुपमा परिचित रहेको मदन भण्डारी राजमार्ग स्तरोन्नती तथा कालोपत्रे कार्य अगाडी बढाउनको लागि नगरपालिकाबाट अथक पहल तथा अनुरोधबाट अहिले भेडावारी-धुलियाविट सडक खण्डको निर्माण कार्य ठेकेदार कम्पनीको जिम्मामा गई सडक स्तरोन्नती तथा कालोपत्रेको काम हाल अगाडी बढेको अवस्था छ । यो सडक स्तरोन्नती तथा कालोपत्रेको कार्यमा सबै आम नगरवासीले यो सडक निर्माण गरेर पिच सडकमा बुर्कुसी मार्ने हाम्रा पूर्वजहरुको महान सपना करीब ४२ वर्ष पछि बल्ल पुरा हुन लागेको छ भन्ने कुरालाई हृदयंगम गरी अब आफ्नो पुस्ताले नै उपभोग गर्ने दृढ इच्छाका साथै सडक निर्माण गर्दा आइपर्ने सानातिना समस्यालाई सामान्यत: मानी आवश्यक सहयोगको लागि सकारात्मक सोंच विचार सहित नैतिक सहयोग पूऱ्याई दिनहुन आजको यस दशौं नगरसभामा सबै सभासदहरु लगायत आम नगरबासीलाई अनुरोध एवं हार्दिक अपिल गर्दछु । तपाई हामीले सडक निर्माणमा जति सहज वातावरण गराउँछौं, सानातिना अवरोध हटाउँछौं, त्यति छिटो सडक बन्ने छ र हाम्रो र हाम्रा पूर्वजको सपना पुरा हुने छ ।
- राष्ट्रिय ग्रामिण परियोजनाबाट प्राप्त अनुदानबाट बैकल्पिक उर्जाको रुपमा बायोग्यांस प्लान्ट निर्माण तथा सुधारिएको चुलो वितरण कार्यक्रम संचालन गरेका छौ ।

- **नगर क्षेत्र अर्न्तगतको गंगटे बजारक्षेत्र, लेकवेशी नगरपालिकाको कार्यालय कल्याण, लेखफर्साको मिलडाँडा बजार क्षेत्रमा सोलार बत्ति जडान गरिएको साथै यसै आ.ब.मा दशरथपुर बजार क्षेत्रमा सोलार बत्ति जडान गर्ने कार्यक्रम रहेको छ। साथै नगरका अन्य ठाउँ मा क्रमशः यस कार्यलाई आगामी बर्षमा निरन्तरता दिंदै जाने हाम्रो योजना रहेको छ।**
- **सडक बोर्ड नेपालबाट प्राप्त साझेदारी अनुदान रकमबाट सडक मर्मत कार्यको सम्झौता गरि सडक स्तरोन्नती गरेका छौ।**
- **नगर क्षेत्र भित्रका सबै टोल बस्तीमा हालसम्म ३८४ कि.मी. कच्ची सडकको ट्र्याक निर्माण तथा मर्मत कार्य गरेका छौ**
- **झोलुङ्गे पुल क्षेत्र विकास कार्यक्रम र नगरपालिकाको संयक्त साझेदारी रकमबाट हालसम्म ४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भई अन्य पुलको निर्माण कार्यका लागि पनि प्रक्रिया अगाडी बढाएका छौ।**
- **नगरपालिकाको प्रशासनिक भवन निर्माण ठेक्का सम्झौता भई हाल निर्माण कार्य अगाडी बढाएका छौ।**
- **नगरपालिका अर्न्तगतको वडा नं. १, २, ३, ४, ५, ७, ८ र १० वडाहरुमा नगर स्तरीय गौरवका योजना अर्न्तगत हाल वडा कार्यालय भवनहरु निर्माणको कार्य सम्पन्न भएका छन्।**
- नमूना विद्यालयको रूपमा रहेको लेकवेशी नगरपालिका वडा नं. ४ स्थित जीवनज्योति मा.वि. दशरथपुरको प्रशासनिक भवन निर्माण अन्तिम चरणमा रहेकोछ।

४. वातावरण तथा विपद् व्यवस्थापन तर्फः

- भवन, सडक तथा अन्य सार्वजनिक निर्माण कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रतिवेदन बमोजिमको निर्माण कार्य सञ्चालन गरेका छौ।
- वन तथा भू-संरक्षणका लागि सव डिभिजन वन कार्यालय दशरथपुर तथा तालुक निकायसँग आवश्यक समन्वय तथा पहल गरेका छौ।
- जलाधार संरक्षणको लागि तटबन्ध तथा तारजाली निर्माण आयोजना सम्पन्न गरेका छौ।
- वातावरण तथा विपद् व्यवस्थापनको लागि प्रत्यक्ष रूपमा योजना अनुरूप कार्य गरेका छौ।
- विपद् व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोष स्थापना तथा सञ्चालन गरेका छौ। जसमा गत आ.व. ०७७/०७८ मा खर्च नभई बाँकी रहेको रकम रू. १ लाख ५६ हजार ७ सय ८४ रूपैयाँ ७९ पैसा र यस आ.व. ०७८/०७९ मा थप रू.१ करोड विनियोजन गरी रू. १ करोड १ लाख ५६ हजार ७ सय ८४ रूपैयाँ ७९ पैसा पुर्याएका थियौ। हाल उक्त शिर्षकमा रू. १ लाख २५ हजार रूपैयाँ मात्र खर्च भएको छ।
- फोहोरमैला व्यवस्थापनका लागि सबै वडाहरुमा कार्यालय मार्फत विविध कार्यक्रम जस्तैःपूर्ण सरसफाई कार्यक्रम सञ्चालन गरेका छौ।
- नगरका सवै वडाहरुमा विपद् व्यवस्थापन प्रतिकार्य योजना अनुरुप वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी क्रियाशील गराएका छौ।

- वनजंगल संरक्षणका लागि नगरपालिका अन्तर्गतका सबै सामुदायिक वन उपभोक्ता समितिलाई प्रोत्साहित गर्ने गरेका छौ ।

**५. राजश्व तर्फः-**

- लेकवशी नगरपालिकाको राजश्व प्रणालीलाई व्यवस्थित गर्न राजश्व शाखा स्थापना गरी आन्तरिक आय तथा अन्य श्रोतहरुको वर्गिकरण गरिएको छ ।
- आन्तरिक राजश्वको रुपमा रहेको यस न.पा. को प्रमुख श्रोत भनेको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) नै हो । उक्त श्रोतलाई समयमा नै IEE को आधारमा टेण्डर खोली ठेक्का प्रणाली मार्फत राजश्व संकलन गर्न वन्दोवस्त गरेका छौ ।
- चालु आ.व. २०७८/०७९ मा नदीजन्य पदार्थको विक्री वितरणका लागि पटक पटक टेण्डर आव्हान गर्दा टेण्डर नपरेका जस्तैः रातेखोला र गमखोलालाई सम्बन्धित वडाबाट नै राजश्व संकलन गर्ने गरी अमानत जिम्मेवारी दिएका छौ । अमानतबाट राजश्व उठाए नउठाएको बेला बेलामा अनुगमन गरी थप पृष्ठपोषण दिनका लागि म सबै सभासद् ज्यूहरूलाई अपिल गर्दछु ।

**६. संस्थागत विकास तर्फः**

- पञ्जिकरण व्यवस्थापनको लागि अनलाईन घटना दर्ता प्रक्रिया सञ्चालन गर्ने गरिएको छ । यस कार्यका लागि प्रत्येक वडा कार्यालयहरुमा इन्टरनेट जडान गरेका छौ ।
- संघीय नीति अनुरुप नै सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्न लाभग्राहीलाई बैंक मार्फत भत्ताभुक्तानी दिने व्यवस्था मिलाएका छौ ।
- नगरभित्रका भौतिक संरचना निर्माण तथा मर्मत कार्यका लागि ब्याक हो लोडर खरीद गरी सबै वडाहरुमा उक्त साधनबाट सडक सरसफाई कार्य प्राय जसो निःशुल्क रुपमा गर्ने गरेका छौ ।
- नगर क्षेत्र भित्रका बिरामीलाई सुरक्षित स्वास्थ्य संस्था तथा अस्पतालसम्म पुर्याउने उद्देश्यका लागिएम्बुलेन्स सेवा प्रदान गरेका छौ ।
- रोगको पहिचानको लागि प्राथमिक स्वास्थ्य केन्द्र दशरथपुरमा सघीय सांसद विकास कोषबाट डिजिटलएक्सरे मेसिन खरिद गरी सेवा प्रवाह गरिएको छ ।
- लेकवेशी नगरपालिका वडा नं. ४ दशरथपुरमा हाल विश्वमा चलिरहेका कोभिड-१९ कोरोना भाइरसको उपचारका लागि आईशोलेसन केन्द्रको निर्माण गरी कोभिड-१९ संक्रमितको उपचार गराएका छौ ।

**७. भूमि सम्बन्धी समस्या समाधान तर्फः**

गत आ.व. ०७७/०७८ मा नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल काठमाडौं र लेकवेशी नगरपालिका सुर्खेत बीच भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नका लागि भूमी सम्बन्धी ऐन २०२१, भूमि सम्बन्धी नियम २०२१, भूमी सम्बन्धी समस्या समाधान आयोग गठन आदेश २०७६ र अन्य प्रचलित कानूनमा भएका व्यवस्था अनुरूप मिति २०७७/०८/३० गते आयोग र लेकवेशी नगरपालिका दुवै पक्षबीच समझदारी पत्रमा हस्ताक्षर समेत भएको छ । जस

अनुसार लेकवेशी नगरपालिकाले भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन र प्रमाणीकरणको कार्य गर्ने, स्थानीय तह स्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने, लगत संकलन तथा जग्गा नापजाँच कार्यको लागि संयोजक, सर्वेक्षक, अमिन, सामाजिक परिचालक, तथ्याङ्क संकलक, तथ्यांक प्रविष्टकर्ता र आवश्यक पूर्वाधारका सामाग्रीहरू व्यवस्थापन गरी ईकाई स्थापना गर्ने र सो इकाईमा सेवा करार गरिएका जनशक्तिलाई तलब भत्ता लगायतका सुविधा स्थानीय तहबाटै उपलब्ध गराउने, आवश्यक बजेटको व्यवस्थापन गर्ने, लगत संकलन र व्यवस्थापनमा रहने कर्मचारीलाई अभिमूखिकरण गर्ने, प्रमाणीकरणको क्रममा कुनै दुविधा भएमा आयोगसँग परामर्श गरी काम गर्ने जिम्मेवारी लिएकोमा आयोग नै विघटन भई हाल उक्त कार्य स्थगित भएको छ । यस सम्बन्धमा हामीहरूले हाल आयोगको सूचना बमोजिम लगत संकलनका लागि सबै वडाहरूमा कर्मचारीहरू खटन पटन गरी लगत संकलन गरेका छौ साथै आयोगको सूचना अनुसार अधुरा कार्य सम्पादनका लागि समेत सूचना अनुसार निवेदन संकलन गरेका छौ ।

यसरी गत आ.व. ०७७/०७८ मा भएको भूमि सम्बन्धी लगत संकलन कार्य यस नगरपालिकाको वडा नं. १ देखि १० सम्मका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन वडाबाट प्राप्त भएको विवरण अनुसार तपसिल बमोजिम भएको समेत जानकारी गराउन चाहन्छु ।

**तपसिलः**

| वडा नं. | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी | कैफियत |
|---|---|---|---|---|
| १ | ११ | १३ | ४३५ | |
| २ | २ | १ | १६१ | |
| ३ | ५ | ४ | ३७४ | |
| ४ | २२ | २२ | ३५२ | |
| ५ | १ | ७ | २४१ | |
| ६ | ४ | १२ | ४७२ | |
| ७ | १ | ३ | ५०१ | |
| ८ | ३३ | १३ | २३७ | |
| ९ | ० | ३ | ४७४ | |
| १० | ९ | ४१ | ५२८ | |
| जम्मा | ८८ | ११९ | ३७७५ | |
| | | कुल जम्मा | ३९८२ | |

**सभासद् ज्यूहरू,**

चालु आर्थिक वर्ष २०७८/०७९ मा हालसम्मको चालु खर्च तर्फ रू.४२ करोड ८९ लाख ८३ हजार ५ सय ९८ रूपैयाँ विनियोजन भएकोमा रू. १४ करोड ३७ लाख ३२ हजार ५५ रूपैयाँ

रकम खर्च भएको छ, भने पुँजीगत तर्फ २५ करोड ८२ लाख ९८ हजार २७ रूपैयाँ ४९ पैसा विनियोजन भएकोमा ५ करोड ७१ लाख २५ हजार ३ सय ७७ रूपैयाँ खर्च भएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । हाल सम्मको कुल बजेट ६८ करोड ७२ लाख ८१ हजार ६ सय २५ रुपैया ४९ पैसा पुगेको छ ।जस मध्ये ३७ करोड ५८ लाख ५९ हजार ८ सय ४१ रुपैया १७ पैसा नगरपालिकालाई प्राप्त भएको छ । नगरपालिकाको विभिन्न खातामा मौज्दात रहेको रकम रु १७ करोड ५० लाख २ हजार ४ सय ९ रुपैया १७ पैसा रहेको छ भने ४८ करोड ६४ लाख २४ हजार १ सय ९३ रुपैया ४९ पैसा बजेट निकासा हुन बाँकी रहेको छ ।

**सभासद् ज्यूहरू,**

अब यो समय भनेको विकास निर्माणको समय हो।हाम्रा योजनाहरू तिव्र गतिमा कार्यान्वयनमा अगाडी बढेका छन् । कार्यान्वयनमा रहेका योजनाहरूलाई सफल बनाउन, अनुगमनको कार्यलाई व्यवस्थित बनाउन जरूरी छ।सबै सभासद् ज्यूहरूले आ-आफ्नो कार्यक्षेत्रमा भएका योजनाहरूमा अनुगमन गरी नगर कार्यपालिकाको कार्यालयमा सुझाव तथा सल्लाह उपलब्ध गराइदिनहुन म यस अवसरमा अनुरोध गर्दछु । हामी सबैको सामुहिक प्रयासबाट मात्र हामी हाम्रा योजनाहरूलाई प्रभावकारी बनाउन सक्छौं । हामी हाम्रो कार्यकालको अन्तिम चरणमा छौं । हामीलाई २०७४ सालको स्थानीय तहको निर्वाचन मार्फत जनताले दिएको जनादेश अनुरुप हामी हाम्रा सबै इमान्दार प्रयत्नहरुका परिणाम स्वरुप हाम्रा सवै बस्तीहरुमा कच्ची मोटरबाटो पुर्याउन सफल भएका छौं । आर्थिक वर्ष २०७६/०७७ देखि नै कोरोना महामारीले हाम्रा सबै प्रयत्नहरुले सोचेको जस्तो उपलब्धी पाउन नसेकेको कुरा जगजाहेर छ । कोरोना महामारीले अहिले विश्व समुदायलाई चुनौती दिएरहेको अवस्था छ । यस अवसरमा म कोरोना महामारीबाट बच्न स्वास्थ्य मापदण्ड पालना गर्न र अति आवश्यक काम नपरी घर बाहिर ननिस्कन म सवै नगरवासीहरूमा हार्दिक अपिल गर्दछु ।

मुलुकमा संघीयताको कार्यान्वयको क्रममा पहिलो पटक निर्वाचित लेकवेशी नगर सरकारलाई जनताको जीवनस्तरमा सुधार ल्याने क्रममा सवैपफ प्रकारको सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, सवै विकास साझेदार संघ-संस्था, राजनीतिक दलहरु, आम लेकवेशी नगरवासीहरु, बुद्धिजीवि, शिक्षक, कर्मचारी, किसान, मजदुर सबैलाई हार्दिक आभार सहित धन्यवाद दिन्छु । धन्यवाद !

**गगनसिं सुनार**
**नगर प्रमुख**
**लेकवेशी नगरपालिका**
**कल्याण, सुर्खेत**

**सभासद् ज्यूहरू,**

लेकवेशी नगरपालिकाको **१० औं** हिउँदे नगरसभा आजबाट प्रारम्भ भएको जानकारी गराउँदछु ।यो अधिवेशन हिउँदे अधिवेशन भएको र विशेष गरी यस अधिवेशनलाई विधेयक अधिवेशनको रूपमा लिइएको छ । नगरपालिकामा सुशासन कायम गरी जनताको जीवनस्तर उठाउन नगरपालिकामा निर्माण गरिने कानूनहरूको महत्वपूर्ण भूमिका रहन्छ । हामीले बनाएको कानूनले नै हामीलाई सुशासनको बाटो देखाउँछ । अतः सबै सभासद्ज्यूहरूले यस **१० औं** नगरसभामा महत्वपूर्ण सक्रिय भूमिका निर्वाह गरी जनमुखी कानून निर्माण गर्नुहुने कुरामा हामी विश्वस्त छौ ।

**सभासद्ज्यूहरू,**

**आजको बैठकको कार्यसूची देहाय अनुसार रहेको छ ।**

(१) लेकवेशी नगर सभाको अध्यक्षता गर्न सदस्यहरूको मनोनयन गर्ने ।

(२) लेकवेशी नगरपालिकाको नगर सभा संचालन सहयोग समिति गठन गर्ने ।

**कार्यसूचीको क्रमसंख्याः १**

**लेकवेशी नगर सभाको अध्यक्षता गर्न सदस्यहरूको मनोनयन गर्ने सम्बन्धमाः**

गाउँ सभा तथा नगरसभा सञ्चालन कार्यविधी ऐन २०७५ को दफा १५ को उपदफा (३) बमोजिम लेकवेशीको नगरसभामा नगर प्रमुख र नगर उपप्रमुख अनुपस्थित रहेको समयमा ज्येष्ठताका आधारमा नगरसभाको अध्यक्षता गर्न देहायका नगर सभा सदस्यज्यूहरूलाई मनोनित गरेको व्यहोरा सम्मानित नगर सभालाई जानकारी गराउँदछु ।

(१) नगर सभा सदस्य श्री ......................................................

(२) नगर सभा सदस्य श्री......................................................

(३) नगर सभा सदस्य श्री......................................................

(४) नगर सभा सदस्य श्री......................................................

(५) नगर सभा सदस्य श्री......................................................

**कार्यसूचीको क्रमसंख्याः २**

**लेकवेशी नगरपालिकाको नगर सभा संचालन सहयोग समिति गठन गर्ने सम्बन्धमाः**

नगर सभा बैठक संचालनमा सहयोग पुर्याउनका लागि गाउँ सभा तथा नगरसभा सञ्चालन कार्यविधी ऐन २०७५ को दफा १७ को उपदफा (१) बमोजिम नगर उपप्रमुख पदेन उपाध्यक्ष रहने र निर्वाचित दलका प्रतिनिधीहरूको प्रतिनिधित्व हुने गरी देहायका सदस्य रहने गरी लेकवेशी नगर सभा सञ्चालन सहयोग समिति गठन भएको प्रस्ताव पेश गर्दछु ।

(१) नगर प्रमुख श्री गगनसिं सुनार - अध्यक्ष

(२) नगर उपप्रमुख श्री शान्ति कुमारी छन्तेल - उपाध्यक्ष

(३) नगर सभा सदस्य श्री ........................................ - सदस्य

(४) नगर सभा सदस्य श्री ........................................ - सदस्य
(५) नगर सभा सदस्य श्री ........................................ - सदस्य
(६) नगर सभा सदस्य श्री ........................................ - सदस्य
(७) नगर सभा सदस्य श्री ........................................ - सदस्य
(८) प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद खरेल - सदस्य

उल्लेखित प्रस्तावको छलफलमा भाग लिन चाहनु हुने सभासद्ज्यूहरूले सचिवालयमा नाम टिपाउनु होला समय २ मिनेट भित्र मात्र ।

.....................................

.....................................

**सभासद्ज्यूहरू,**

लेकवेशी नगरपालिकाको नगर सभा सञ्चालन सहयोग समिति गठन प्रस्तावको पक्षमा हुने सदस्यहरूले **हुन्छ**भन्नुहोला र प्रस्तावको विपक्षमा हुने सदस्यहरूले **हुन्न** भन्नुहोला । प्रस्तावको पक्षमा हुने सदस्यहरूले **हुन्छ** भन्नुहोस् । प्रस्तावको विपक्षमा हुने सदस्यहरूले **हुन्न** भन्नुहोस् ।

हुन्न भन्ने आवाज नसुनिएकोले गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा १७ को उपदफा (१) बमोजिमको लेकवेशी नगरपालिकाको नगर सभा सञ्चालन सहयोग समिति गठन सम्बन्धी प्रस्तुत भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । उल्लेखित प्रस्तावको छलफलमा भाग लिन चाहनु हुने सभासद्ज्यूहरूले सचिवालयमा नाम टिपाउनु होला समय २ मिनेट भित्र मात्र ।

.....................................

.....................................

**सभासद् ज्यूहरू,**

लेकवेशी नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधी २०७४ को दफा ६ को उपदफा (३) अनुसार यस लेकवेशी नगरपालिकाको चालु **१० औं** हिउँदे नगरसभा मिति २०७८ माघ १४ गते दिनको ठिक ११ बजे सम्मको लागि पुनः बस्ने गरी स्थगित भएको घोषणा गर्दछु । धन्यवाद !

# <u>लेकवेशी नगरपालिका</u>
## <u>१० औं हिउँदे नगरसभा २०७८/१०/१० लेकवेशी सभाहल</u>
## <u>सभा प्रमुखको वाचन-पत्रः १० औं हिउँदे नगरसभाको पहिलो बैठक २०७८/१०/१०</u>

**नगर उपप्रमुख ज्यू,**
**नगर सभा सदस्य ज्यूहरू,**
कर्णाली प्रदेश गाउँसभा तथा नगरसभा सञ्चालन कार्यविधी ऐन २०७५ को दफा १६ को उपदफा ४ बमोजिम लेकवेशी नगरपालिकाको **१० औं** हिउँदे नगरसभाको आजको बैठक प्रारम्भ हुन्छ ।म सम्पूर्ण सभासद् ज्यूहरूलाई हार्दिक स्वागत गर्दछु ।

**सभासद्ज्यूहरू,**
कर्णाली प्रदेश गाउँ सभा तथा नगरसभा सञ्चालन कार्यविधी ऐन २०७५ को दफा ५ को उपदफा (१) बमोजिम आज बस्ने **१० औं** नगर सभाको बैठकमा पालन गर्नुपर्ने आचरणहरू प्रस्तुत गर्दछुः

(क) अध्यक्ष बैठक कक्षमा प्रवेश हुँदा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्नेछ ।
(ख) अध्यक्षले बैठक प्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नुपर्नेछ ।
(ग) बैठक स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्किए पछि मात्र अरू सदस्यहरूले बैठक कक्षबाट बाहिर निस्किनु पर्नेछ ।
(घ) बैठकमा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नुपर्नेछ र अध्यक्षले अन्यथा आदेश दिएकोमा बाहेक उभिएर बोल्नु पर्नेछ ।
(ङ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छोड्नु हुँदैन र अध्यक्षले बोलेका कुरा गम्भिरतापूर्वक सुन्नुपर्नेछ ।
(च) अध्यक्षले आशन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यले अध्यक्षको आशन अगाडीबाट हिड्नु हुँदैन ।
(छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न, बैठकको मर्यादा भंग हुने वा अस्तव्यस्तता उत्पन्न हुने कुनै काम गर्न हुँदैन ।
(ज) बैठक कक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिड्न वा अध्यक्षको आशन तर्फ पिठ्यु फर्काएर बस्न हुँदैन ।
(झ) बैठकको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक समाचारपत्र वा अन्य कागजपत्रहरू पढ्नु हुँदैन ।
(ञ) बैठकको अवधिभर बैठक कक्षमा मोबाईल फोन प्रयोग गर्न हुँदैन ।